## गोर्खाली सुधार सभा, देहरादून

# स्थापना दिवस स्मारिका

### अप्रैल 2021




**गोर्खाली सुधार सभा परिसरको दृश्य एक चित्रकारको नजरमा**



भारतीय स्वाधिनता संग्रामसित जोड़िएको "नून आंदोलन" 1930को गौरव में इतिहासमा गोर्खाको योगदान- 'खाराखेत नून नदी'
(गोर्खाली सुधार सभाको प्रतिनिधिहरू खाराखेत नूननदीमा-मार्च 2020)

# संकल्प

गोर्खाली सुधार सभा
उत्तराखण्ड राज्यमा बसो बासो गरि आइरहेका,
सम्पूर्ण गोर्खा समुदायको
कल्याण, उपकार, समृद्धि अनि विकास
असहाय, अनाथ तथा गरीब परिवारको निम्ति
सहयोग तथा कौशलताको निम्ति
भाषा, साहित्य, संस्कार, संस्कृति, परम्परा अनि
अस्तित्वको
संरक्षण को निम्ति
राष्ट्र तथा राज्यको निर्माण, विकास, अखण्डता,
एकता, सुरक्षा र समृद्धिको निम्ति
एक भइ सहयोग र योगदान पुरयाउनु
सदैव वचनबद्ध र कटिबद्ध रहने छ।

17 अप्रैल 1938


**गोर्खाली सुधार सभा**

देहरादून वर्ष 49
अप्रैल 2021

सम्पादक
कर्नल (अ.प्रा.) जीवन कुमार क्षेत्री
आवरण चित्र
कै. वाई बी थापा
विशेष सहयोग
श्रीमती प्रभा शाह
स्वामी/मुद्रक/प्रकाशक
अध्यक्ष
गोर्खाली सुधार सभा

मुख्य कार्यालय
गोर्खाली सुधार सभा
परमवीर चक्र मेजर धनसिंह थापा मार्ग
गढ़ी कैन्ट, देहरादून
फोन:0135-2756070
9897440879
वितरक
सभा शाखाध्यक्षरू
टाइपिंग
विमला थापा
डिजाइनिंग टाइप सेटिंग
मोर्डन कम्प्यूटर सिस्टम
प्रकाशन कार्यालय
डी.जी. प्रिन्टर्स 48/1 घोसी गली,
देहरादून, उत्तराखण्ड


नोट : पत्रिकामा प्रकाशित लेखहरूकोलागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून हुने छ।



# सम्पादकीय

83औं वर्ष बिताई सकेछ गोर्खाली सुधार सभाले। त्यस समयका हाम्रा दिग्गज समाज सेवी, समाज सुधारक, भाषा प्रेमी, जाती प्रेमीहरुको सोंच, सपना अनि नि:स्वार्थ सेवा भावले जन्माइ दिएको आजको हाम्रो "गोर्खाली सुधार सभा"। शिक्षा, भाषा, साहित्य, संस्कार, संस्कृतिको विकास तथा संरक्षण, समाजमा आर्थिक कमजोर परिवारलाई वित्तीय मदत, छात्रवृत्ति इत्यादि सहायता पुर्‍याउने उद्देश्यले जन्मिएको यो सभाले यस उदेश्यलाई पुरा गर्दै आइरहेको छ। कसैबाट वित्तीय मदत नपाउने यो संस्थाले यत्रो वर्ष देखि यो प्रक्रियालाई सक्रियता साथ अघि बढ़ाइ रहेको छ। यसको श्रेय हाम्रै समुदायको उदार दानकर्ताहरूलाई, जान्छ। छात्रवृत्ति आर्थिक मदत अनि पुरस्कार (विद्यार्थीहरूलाई दिइने) भिन्न-भिन्नै हुन। यस माथि सभाले दानकर्त्ताहरूलाई विश्वासमा लिएर केहि परिवर्तन ल्याउने समय आएको छ। हाम्रो समाजमा, विशेष गरेर देहरादूनमा हाम्रो आर्थिक स्थिति अन्य जग्गाको गोर्खाहरू भन्दा धेरै राम्रो छ। कक्षा 12 सम्म शिक्षा दिलाउनै सक्षमता सबै परिवारमा छ अनि

बेसी जस्तो परिवार उच्च शिक्षा आफ्नो नानीहरूलाई दिनु सक्षम छन्। तर के यो छात्रवृत्तिको अहिलेको अवस्थामा जरूरी छ? उनीहरूको मनोबल त उनीहरूको मेहनत अनि सफलताले दिन्छ। गरीब, आर्थिक स्थितिले कमजोर परिवारको निम्ति सहायता अवश्य दिनु पर्छ यसमा केहि दोस्रो विचार न होला। समय आएको छ हाम्रो नानीहरूलाई उच्च शिक्षा, व्यवसायिक शिक्षा (डॉक्टर, इंजीनियर, कानून) को निम्ति प्रोत्साहित गर्ने। हाई स्कूल पश्चात् उच्च शिक्षाको निम्ति नानीहरूलाई एक उपयुक्त राशि दिए, परिवार लाई धेरै मदत पुग्द छ। यो नानीहरु यस्तै व्यवसायिक शिक्षाहरूको निम्ति जब चयनित हुन्छन अनि वर्षमा कति नानीहरू हुन्छन्- 2-4 जना। यसले हाम्रो शिक्षाको परिधि संकुचित रहने छैन। सभाको यो उदारताले हाम्रो उपस्थिति उच्च शिक्षाको पंक्तिमा पनि हुने छ। उच्च शिक्षाको प्रति पनि सभाले सोच्ने समय आएको छ। अर्को विषय हो राजनैतिक परिप्रेक्ष्यमा गोर्खा समुदायको उपस्थिति। सभा अराजनैतिक हो, यद्यपि समाजमा आइ पर्ने आवश्यकतामा, यसको भूमिका महत्वपूर्ण रहन्छ। राजनैतिक पार्टीको सोच हाम्रो पूर्वजहरूमा थियो जसको कारण राजनैतिक पार्टीको स्थापना न भएको होइन। 1924 को अखिल भारतीय गोर्खालीग, 1979 को गोर्खा डेम्रोक्रेटिक फ्रन्ट अनि जे.बी. कार्कीज्यूद्वारा ऑल इंडिया गोर्खा मोर्चा स्थापित भयो। तर के यो पार्टीहरूले आफ्नो सक्रियता (क्षेत्रीय स्तरमा होइन) राज्य तथा राष्ट्रीय स्तरमा पुर्‍याउन सक्यो भन्नुमा आशंका हुन्छ। जब सम्म हाम्रो महत्वको सठीक मूल्यांकन राजनैतिक पटलमा हुंदैन हामी शोषित नै रहने छौ। अखिल भारतीय गोर्खा लीगले आफ्नो दश वर्षको यात्रामा त्यस समयको अंग्रेज शासन सम्म एउटा सकारात्मक उपस्थिति बनाएको थियो। पार्टीको संस्थापक ठाकुर चन्दन सिंह कै भनाई अनुसार, दुर्भाग्यवश यो दीर्घायु रहनु सकेन। अन्य दुइ पार्टीको विषयमा यस्तो केहि पड़न समाजले सायदै पाएको होला। शिक्षा र राजनीति समाजको विकास र सदृढ़ताको निम्ति एउटा स्तम्भ हुन। समुदाय र समाजको बुनियाद संस्कार, संस्कृति, कला, साहित्य, भाषा, शिक्षा साथै राजनीतिमा टिकेको छ। यसलाई बलियो बनाए अवश्य हामी सदृढ़ र बलियो बन्ने छौ। हर वर्ष मनाइने स्थापना दिवसमा केहि नयाँ संकल्प लिएर अघाड़ि बड़ौं परिवर्तन ल्यायौ।



# शुभकामना

1. गोर्खाली सुधार सभाको 83औं स्थापना दिवसको शुभउपलक्षमा सम्पूर्ण गोर्खा समुदाय प्रति हार्दिक शुभकामना अर्पित गर्दछु। दशकौं देखि यस सभाले आफ्नो सपना, र आकंक्षालाई पुरा गर्ने उदेश्यले आफ्नो यात्रालाई निरन्तरता सित अघि बडाइ रहेको छ। चुनौती थुप्रै थियो, संघर्ष थुप्रै थियो। यात्रा सहज थिएन, समाज र समुदायको सहयोग र समर्थनको पनि कमि थिएन। सबैको साथ थियो, बाटो बन्दै गयो, चुनौती र संघर्ष सित सामना गर्दै अघि बडि रहेका छौं। समय परिवर्तनशील छ। समय संगै हाम्रो सोंचमा, कार्यशैली तथा कपितय सामाजिक मुद्दाहरुमा परिवर्तन आउन स्वभाविक हो साथै आवश्यकता पनि हो। यस परिवर्तनको निम्ति समाज र समुदायको सोंच, चिन्तन, विचार विमर्श अनि सहमति साथ परिवर्तन गर्ने समय आएको छ। आज 60-70 वर्ष अघिको भन्दा हाम्रो सामाजिक, आर्थिक, संस्कार, संस्कृतिमा धेरै सकारात्मक परिवर्तन आएको छ यद्यपि हामी शिक्षा, भाषा, साहित्यमा पछि नै छौं। राजनीति सित हामी किन अछूत रहने? यो सब विषयहरू आवश्यक हो। अनि विचार विमर्श गरेर यस प्रति निर्णय लिने समय आएको छ।

2. यस स्थापना दिवसको शुभ उपलक्षमा सभा र समाजको सदृढ़ता, सक्षमता, कौशलता अनि दक्षतालाई बलियो बनाउने हामी सबैले प्रण गरौं ताकि हाम्रो समुदाय देशको अन्य समुदाय जस्तै राष्ट्रीय स्तरमा अग्रिम पंक्तिमा रहोस्। अनि गोर्खाली समाज, हर क्षेत्रमा अग्रिम पंक्तिमा रहला।


धन्यवाद

जय गोरख, जय हिन्द!

भवदीय

(श्री पदम सिंह थापा)

अध्यक्ष



# शुभकामना

1. गोर्खाली सुधार सभाको 83औं स्थापना दिवसको उपलक्षमा हाम्रो समुदायको आमा बाबा, दाजु भाई तथा दिदी बहिनीहरूमा हृदय बाट शुभकामना अनि बधाई छ।

2. स्थापना दिवस हर वर्ष मनाईने हाम्रो एउटा चाड हो, जुन चहाडमा हाम्रो आफ्नै संस्कार, संस्कृति अनि परम्परा जोडिएको हुन्छ। सभाको यस्तै गरिमा पूर्ण ऐतिहासिक यात्रालाई सफल बनाउने श्रेय समाजकै प्रत्येक सदस्यलाई, शाखाध्यक्ष तथा भूतपूर्व अध्यक्षहरुलाई जान्छ जसको सहयोग, सहायता, सुझाव, मार्गदर्शन साथै समर्थनको कारण सभा आज एक सक्षम, सक्रिय तथा संकल्पको साथ यस यात्रालाई अघि बढाउन सफल रहेको छ। कामना राख्दछु, यस उपलक्षमा हामी नौलो प्रण, जोश, उत्साह अनि एकता सित अघि बडौं जसले समाज, राज्य अनि राष्ट्रीय स्तरमा हामी सदैव अघि रहौं। धैरे-धैरे शुभकामना सहित।

धन्यवाद

भवदीय

(गोपाल छेत्री)

महामंत्री



# संदेश

**तीरथ सिंह रावत**

मुख्यमंत्री उत्तराखण्ड

उत्तराखण्ड सचिवालय,
देहरादून - 248001
फोन 0135-2755177
0135-2716262
फैक्स 0135-2712827

## सन्देश

मुझे यह जानकर अत्यन्त प्रसन्नता हुई कि गोर्खाली सुधार सभा द्वारा दिनांक 17 अप्रैल, 2021 को अपना 83वां स्थापना दिवस मनाया जा रहा है। गोर्खाली सुधार सभा द्वारा आयोजित स्थापना दिवस के अवसर पर गोर्खाली समुदाय से जुडे बुजुर्गो, युवाओं, महिलाओं व बच्चों द्वारा प्रतिभाग किया जायेगा एवं अपनी संस्कृति व लोक कलाओं से जुडी जानकारियों एवं अनुभवों को आपस में आदान प्रदान किया जायेगा जो गोर्खाली समुदाय से जुडे युवाओं के लिए भविष्य में अत्यन्त उपयोगी सिद्व होगा।

मुझे आशा है कि गोर्खाली सुधार सभा द्वारा आयोजित स्थापना दिवस के अवसर पर गोर्खाली समुदाय से जुड़े कार्यक्रमों के साथ अन्य समाज हित से जुडे कार्यक्रमों का आयोजन भी किया जायेगा जो समाज के प्रत्येक वर्ग को समाज हित में कार्य करने के लिए प्रेरणा प्रदान करेंगे।

मेरी ओर से गोर्खाली सुधार सभा द्वारा आयोजित 83वें स्थापना दिवस के अवसर पर हार्दिक बधाई एवं शुभकामनाऐं।

आपका,

(तीरथ सिंह रावत)

# संदेश

**MALA RAJYA LAXMI SHAH**
Member of Parliament
(Lok Sabha)
**TEHRI GARHWAL (Uttarakhand)**

**Member:**
- Standing Committee on Rural Development
- Consultative Committee on Communications, Electronics & Information Technology
- Hindi Advisory Committee on Ministry of Tourism

5, Bhagwan Dass Road
New Delhi-110 001
Phone : 011-23782818
Fax : 011-23782815
E-mail: malarajyalaxmishah@gmail.com

15/03/2021

पत्रांक/2581/2021 शुभकामना सदेंश

मुझे यह जानकर प्रसन्नता हो रही है कि गोर्खाली सुधार सभा अपना 83 वॉ स्थापना दिवस 17 अप्रैल 2021 को मना रही है। मैं आशा करती हूं की इस स्थापना दि दिवस में देश एव प्रदेश के गोर्खा समाज के लोग उपस्थित रहेगें और गोर्खा समाज के उत्थान के लिए कार्य करेगें। गोर्खा समाज ने भारत देश के प्रत्येक क्षेत्र में बढ–चढ कर कार्य किया है और अपनी एक पहचान बनाई है और आगे भी इसी तरह से गोर्खा समाज देश, प्रदेश तथा समाज सेवा के उत्थान हेतु काम करते रहेगें और अपने समाज का नाम रोशन करेगें। गोर्खा समाज के उत्थान हेतु मेरी हार्दिक शुभकामनाएं।

(माला राज्य लक्ष्मी शाह)

**टी. डी. भुटिया**
(आ.ले.)
अध्यक्ष (राज्य मंत्री)
गोरखा कल्याण परिषद
उत्तराखण्ड

उत्तराखण्ड शासन

950, संगम विहार
डाकरा, गढ़ी कैन्ट
देहरादून (उत्तराखण्ड)
मो. 9897854423

पत्रांक : गो. क. प. - 2/83 दिनांक 26-03-2021

# शुभकामना संदेश

गोरखाली सुधार सभा को 83 वौ स्थापना दिवस को पावन पर्व को उपलक्ष मा समस्त गोरखा परिवार हरु लाई कोटी कोटी नमन एवं हार्दिक शुभकामना अर्पण गर्द छू।

गोरखाली सुधार सभा को माननीय अध्यक्षज्यू र वहाँ का सम्पूर्ण पदाधिकारीगण को नेतृत्व मा समाज को उत्थान को लागी, समाजलाई एकता को माला मा पिराउन, साथै सभा को उत्थान को लागी BUILDING हरु को निर्माण, नेपाली भाषा को व्यापक प्रचार र प्रसार को निम्ति पाठ्यक्रम को संचालन दिनांक 16 फरवरी 21 दिन देखि प्रारम्भ भो। साथै भाषा लाई सर्ब व्यापी रूप मा प्रचार र प्रसार को निम्त "घाम छाया" (दूरदर्शन) को स्थापना सुधार सभा को प्रागण मा माननीय जनरल शक्ति गुरुंग ज्यू र वहाँ का संगीनी श्रीमती मधु गुरुंग ज्यू, ब्रिगेडियर पी एस गुरुंग ज्यू र वहाँ को टीम ले गर्न भएका छन। वहाँ हरु लाई पनि हम्रो समाज का सबै वर्ग हरु को तरफ बाट कोटि-कोटि हार्दिक शुभकामनाएँ छ। यी सबै कार्यहरु वर्त्तमान मा भई रहेको छ यो एउटा सराहनीय कदम हो। यसको निम्त अध्यक्षज्यू र वहाँ का सदस्यगण हरु लाई कोटी कोटी हार्दिक शुभकामना अर्पण गर्द छू। मलाई पूर्ण विश्वास छ कि भविष्य मा IAS, IFS र IPS को कोचिंग सेंटर को स्थापना गरि बक्सिनु हुने छ भनि।

अन्त मा म हम्रो सबै गोरखाली परिवार लाई अपील गर्दछू कि अपनों भाषा लाई अपनाएर र जाति को उन्नति गर्दै अघि बढ़ने प्रयास गरौ।

सभा को उज्जवल भविष्य को निम्त माँ सन्तला देवी संग दुई हाथ जोड़ी प्रार्थना गर्दै यो मेरो स्यानो सन्देश लाई समाप्त गरी रहेको छू।

धन्यवाद

जय भारत माता
जय देव भूमि
जय गोरख

भवदीय

अध्यक्ष (राज्य मंत्री)
गोरखा कल्याण परिषद
उत्तराखण्ड

गोरखा कल्याण परिषद उत्तराखण्ड

तरुण विजय, अध्यक्ष TARUN VIJAY, Chairman
राष्ट्रीय संस्मारक प्राधिकरण, संस्कृति मंत्रालय, भारत सरकार, 24, तिलक मार्ग, नई दिल्ली - 110001
National Monuments Authority, Ministry of Culture, Government of India, 24, Tilak Marg, New Delhi - 110001

## संदेश

उतराखण्ड देव भूमि भी है तो वीर भूमि भी। यहाँ के वीर रणबांकुरो ने संसार भर में अपने पराक्रम और शौर्य से जन-जन को अचंभित और आनंदित किया है। शूरवीरों की इस धरती में हमारे वीर गोरखा समाज द्वारा 17 अप्रेल 1938 को गोर्खाली सुधार सभा की स्थापना की गई थी। जैसा इस के नाम में ही निहित है, यह समाज के सुधार, विकास और निरंतर प्रगति की ओर उन्मुख संगठन बनाने की एक पहल थी।

तब से लेकर अब तक गोर्खाली सुधार सभा ने अपने समाज के गरीबों, असहायों, वृद्धों एवं विशेष रूप से महिला शक्ति की विभिन्न रूपों में सहायता की है। वास्तव में शनै:-शनै: गोर्खाली सुधार सभा उतराखण्ड के एक प्रमुख, सामाजिक और सांस्कृतिक संगठन के नाते उभरी है।

83वें स्थापना दिवस के शुभ अवसर पर मैं गोर्खाली सुधार सभा के सभी पदाधिकारियों, संचालक मंडल के सदस्य गण तथा कार्यकर्ताओं को हार्दिक बधाई देता हूँ। वर्तमान समय में जब हिन्दू धर्म विभिन्न प्रकार के आघातों और चुनौतियों का सामना कर रहा है उस समय गोर्खाली सुधार सभा के कार्यकर्ताओं ने धर्म रक्षा, राष्ट्र रक्षा के भाव को भी अंगीकार किया है। मुझे विश्वास है कि यह वार्षिक सम्मेलन वर्तमान समय की चुनौतियों पर भी विचार करेगा और गोर्खाली समाज में धर्म रक्षा, राष्ट्र रक्षा के मंत्र को गुंजित करेगा।

हार्दिक शुभकामनाओं सहित

तरूण विजय
01.04.2021

**गणेश जोशी**
मंत्री
सैनिक कल्याण, औद्योगिक विकास
लघु, सूक्ष्म एवं मध्यम उद्यम
खादी एवं ग्रामोद्योग विभाग

उत्तराखण्ड सरकार

विधान सभा भवन, देहरादून
कक्ष संख्या - 117
फोन : 0135-2665988
पत्रांक : 62/V.I.P/2021
दिनांक : 01/04/2021

## संदेश

आदरणीय पदम थापा जी

मुझे यह जानकर अत्यन्त हर्ष हो रहा है कि 'गोर्खाली सुधार सभा' अपना 83वॉं स्थापना दिवस दिनांक 17 अप्रैल 2021 को मना रहा है। सभा द्वारा गोरखा समाज को एकजुट करने एवं समुदाय के सामाजिक एवं सांस्कृतिक उत्थान के लिए किया जा रहा प्रयास अत्यधिक प्रसंशनीय है। मुझे विश्वास है कि संस्था समाज में सामाजिक समरसता एवं उत्थान के लिए भविष्य में भी कार्य करती रहेगी।

मैं 'गोर्खाली सुधार सभा' के 83वें स्थापना दिवस के अवसर पर आप सहित 'गोर्खाली सुधार सभा' परिवार के सभी सदस्यों को अपनी ओर से हार्दिक बधाई एवं शुभकामनाऐं देता हूँ।

(गणेश जोशी)

श्री पदम सिंह थापा
अध्यक्ष–गोर्खाली सुधार सभा
गढ़ी कैंट, देहरादून।

# पूर्व अध्यक्षको कलम बाट

## ले. कर्नल सी.बी.थापा, पूर्व अध्यक्ष, गोर्खाली सुधार सभा
### (जुलाई 2002–जुलाई 2005)

1. गोर्खाली सुधार सभाको इतिहासमा शायद प्रथम प्रथम पटक तीन वटा कर्नलहरू निर्विरोध निर्वाचित भई पदाधिकारीको पदमा आसिन भए। ले. कर्नल सी.बी.थापा-अध्यक्ष, ले.कर्नल वि.के. शर्मा (अधिवक्ता) वरिष्ठ उपाध्यक्ष र ले. कर्नल बलबीर सिंह क्षेत्री-उपाध्यक्ष। कार्य प्रणालीमा "सरलता, सहजता र सफलता" को मूल उद्देश्यलाई सर्वपरि गरि कुनै पदाधिकारीले दिएको वक्तव्य सर्व मान्य तथा सामूहिक निर्णय तुल्य मानिने गरियो। यसले गर्दा हाम्रो कार्यकालमा धेरै उपलब्धिहरू आफ्नो समुदायको हितार्थ प्राप्त गर्नु सफल भयौ। यसको निम्ति सबै कार्यकारिणी, शाखाध्यक्षहरू, पूर्व अध्यक्षहरू तथा सदस्यहरूको सहयोग र मार्गदर्शनलाई श्रेय जान्छ।

**उपलब्धिहरू**

2. प्रथम पटक 26-01-2003 को उत्तरांचल प्रदेश गणतंत्र दिवसमा "खुकरी नृत्य" र "खंजरी नृत्य" गोर्खा मिल्ट्री इण्टर कॉलेज र नार्थ प्वाइण्ट चिल्ड्रन अकादमीको विद्यार्थीहरू द्वारा प्रस्तुत गरियो।

3. सभाले 25-03-2003मा आयकर विभाग बाट नियम 12 ए को अन्तर्गत आयकर छूट प्राप्त गर्‌यो। यसले गर्दा सभा "चेरेटिबल संस्था" बनियो। साथै नियम 80 जी० अन्तर्गत अनुदानीलाई आयकर 50% प्रतिशत छूट प्राप्त भयो। नियम 197(1) को अन्तर्गत सभाको आयबाट टी.डी.एस. न काटिने छूट पनि प्राप्त भयो।

4. लामो समयबाट ओ.बी.सी. को मांग प्रदेश र केन्द्र सरकारमा चली रहेको थियो। हाम्रो सम्पर्क ओ.बी.सी. कमीशनका अध्यक्ष श्री गिरीश लाल टम्टा संग सम्पूर्ण दस्तावेज साथ हुनाले 09-04-2003 को दिन वहां बाट आरक्षण हेतु संस्तुति प्राप्त भयो। 15-07-2003 मा प्रदेश मुख्यमंत्री श्री एन.डी. तिवारी द्वारा आरक्षणको घोषणा भयो र 15-11-2003 मा शासनादेश जारी भई प्रदेशमा "गोर्खा समुदाय" लाई "अन्य पिछड़ा वर्ग" को आरक्षण प्राप्त भयो। तत्पश्चात्, यसै प्रकारको आरक्षण निम्ति केन्द्रमा "पिछड़ा वर्ग आयोग" साथ सम्पर्क गर्दा वहांबाट 09-06-2005 को दिन राष्ट्रीय पिछड़ा वर्ग आयोगका सदस्यहरू देहरादूनमा आई हाम्रो पक्षको सुनवाई गरि "गोर्खा समुदाय" लाई केन्द्रीय सूचिमा गाभ्ने आश्वासन प्राप्त भयो।

5. पूर्व अध्यक्ष श्री हनुशमशेर ज०ब० राणाको अगुवाईमा कर्नल मनोहर सिंह चौहान साथ सम्पर्क गरि वहांको हजूरबा(नाना) स्व. रिसालदार राम सिंह पंवार(सभाको संस्थापक सदस्य) को स्मृतिमा सभाको परिसरमा "प्रवेशद्वार" निर्माणको निम्ति स्वीकृती पाए पश्चात, एक लाख रूपियांको आर्थिक अनुदान "रिसालदार राम सिंह पंवार द्वार"

को निर्माण दिसम्बर 2002 मा भयो। (द्वारको डिजाइन स्वयं अध्यक्ष ले. कर्नल सी.बी. थापाले बनाएको हो।)

6. भारतीय गोर्खा परिसंघको आह्वानमा शहीद मेजर दुर्गा मल्ल (स्वतंत्रता सेनानी) को मूर्ति पार्लियामेन्ट परिसर, न्यू दिल्लीमा स्थापना हेतु सुधार सभाको सबै शाखाहरू, प्रदेश सरकार र राज्यपाल द्वारा सराहनीय सहयोगले गर्दा करीबन आठ लाख रूपियांको राशि यो पूनित कार्य निम्ति उपलब्ध गरायो।

7. सभाको आय श्रोतमा वृद्धि गर्ने निम्ति बैंक भवनको प्रथम तल निर्माण गर्दा पूर्व अध्यक्ष ले. कर्नल भगवान सिंह क्षेत्रीले करीबन साढ़े पंद्रह लाख, रूपियां ऋण उठाएको हाम्रो कार्यकालमा ब्याजमय राशि फिर्ता गरियौं। करीबन दुई लाख रूपियांको अदायगी शेष थियो। बैंक भवनको कार्पेट क्षेत्रको पुन: पैमाइस गरि, किराया दरमा वृद्धि गराई बैंक द्वारा प्रत्येक पांच वर्षमा 25 प्रतिशत किराया वृद्धि गर्ने अनुबंध गरियौं।

8. मानेकशॉ भवनको जीर्णोद्वार निम्ति प्रदेश सरकार बाट, मुख्य मंत्री श्री एन.डी. तिवारीको घोषणा अनुसार दस लाख रूपियां प्राप्त भयो। सभा बाट थप राशि गरि जीर्णोद्वारमा बालकनी र भूमिगत कमराको निर्माण गरियो।

9. सुदूर पूर्व युद्धबंदी, ब्रिटिश दूतावास, काठमाण्डूको पहलमा सुधार सभाले 10-06-2005 को दिन जापानी युद्धबंदी भएका संबंधित 20 जना लाई दस हजार पाउण्ड प्रतिको हिसाबले मुआवजा दिलाउने सराहनीय सहयोग दिएको खण्डमा ब्रिटिश दूतावासले प्रशंसा गरि सुधार सभालाई दुई सय पाउण्ड (रू० 16,636/-) अनुदान दियो।

10. तीन वर्षको अध्यक्ष पदमा कार्य गरेको तथा त्यो भन्दा पहिला रायपुर शाखामा शाखा उपाध्यक्ष, शाखा अध्यक्ष र केन्द्रमा एक कार्यकाल वरिष्ठ उपाध्यक्षको अनुभवले मलाई लाग्छ कि हामीमा नेतृत्वको भावनामा कमी छ। पिछलग्गुको भावना धेरै छ। संतुष्टिको भावना अझ बढ़ी-चढ़ी छ। घर बसी अर्काले गरेको कार्यमा सिर्फ "कमि" लाई खोजी टिप्पणी गर्ने, तर स्वयं अघाड़ी न सर्ने बानी सर्वोपरि भएको देखिन्छ। हाम्रो समुदायको प्रगति निम्ति एकताको कमी जग जाहिर छ। जो दिनबाट हाम्रो समुदायले अर्काको काममा एक प्रतिशत पनि गुणलाई खोजनु सक्छ, हामी आफै जोड़िने छौं। त्रुटि सबैमा छ, साथै गुण पनि। तर त्रुटिमा कोट्टाई गुणको गुणगान गरौं। विजय पताका हाथमा हुने छ। एक हुने छौं।

11. हामीहरूको परिवेश फौजी वर्दी र पद साथ धेरै जोड़िएको छ। जो दिन पेन्शने भयौं, त्यो दिन बाट हामी फौजी बंधन बाट मुफ्त भयौं। "पद" को अनुसार पेन्शन खाँउ साथै सक्रियताको सामाजिक रिश्तामा पसौं। "ये भेना....ये साली" कति मीठो। हेर्ने र सम्झिनिले "पद" को मान-सम्मान र सत्कार स्वत: दिने छ। मांग न गरौं।

12. युवा वर्गलाई यही सन्देश छ.....भविष्यलाई हेरी आफ्नो ध्यान "राजनीति" तरफ ढलकाउने प्रयास गर्नु। पुरानो विचारधाराको राम्रो आंकलन गर्नु र तेसमा आवश्यकतानुसार बदलाव गर्नु। चाणक्य नीति-"उनी पनि खुश...उनी पनि खुश-र उनी पनि।

(गोर्खाली सुधार सभाको गरिमा पूर्ण इतिहास त्थायंक गर्ने उद्देश्यले उक्त जानकारी ले.क. सी.वी थापा, पूर्वाध्यक्षको महत्वपूर्ण छ। उनि प्रति हार्दिक कृतज्ञता छ-सम्पादक)।

# चौदह वर्षको तपस्या

अंकल! डाक्टर नी मैडमले चिया खानु डाक्दै छिन। कुन मैडम हुन यहां मलाई चिन्ने। मं कसैको बाटो हेरि बसे छु। उ आयो भने तब चिया पीउंला भन मैडम लाई। केटी गई र चिया लिइएर आई। हजुरको साथी आयो भने भित्र कोठामा आउनु होला भने छिन मैडमले भनि र गई। अति बेरमा भगत थापा बस बाट ओर्लेर आइ पुग्यो। अरे मोहन तिमि कइले बाद पर्खेको मलाई। धेरै बेर भए छैन, तेतिमा केटि फेरि आइ बोलाउनु अब त दुवै लाई छेवैको कोठामा जानु पर्‍यो। भित्र पुगेर मोहनले भन्यो अरे राधा तिमिले डाकेकी मलाई, अरू कले डाकने फेरि, तपाईको के कार्यक्रम छ, हातमुख धोएर खाना खानु होस। मोहनले भन्यो मं मगन दाजुसित उनको जाखनीवाल गाउं जांदै छ, उता यौटा जमीन हेरि कुरा कानि गरि घर याने ऊना फर्किन्छु। अइलेत मं सीधा पल्टन बाट छोटो विदामा अएको छू। हुन्छ आधा घंटामा मं पनि तयार भै हाल्छु आफ्नै कारमा जाउंला। मेरो पनि उता यस्तै जरूरी काम छ। आधा घंटा भित्र खाना खाइवरि तयार भएर तीनै खाना भई हाले। बाटोमा ड्राइवरले पेट्रोल भरायो। मोहन र राधाले मनमा केके कुरा खेलाये। मगनले, दुवैको अनुहार हेरि थाह लगाउनु थाल्यो। राधाले भनि मोहन तपांई कति दिन को विदामा आउनु भयो। मं महिना भरिलाई मात्रै। मं पनि तपांई सित ऊना जानु पाउंछ। हिंड़ मोहनले भन्यो। मेरो आमा बाबू सित भेटेर कुरा कानी गंर। दुई चार दिन बस पनि, कस्तोछ हाम्रो गाउं। घंटा भरिमा जाखनीवाल पुगे। मगनको घरमा आमा बुवा र बइनी हरू संग भेंट भयो। राधाले मोहन र मगनको जमीन बारे कुरा सुनी मन पराइ। पुरानो घर जमीन गाउं हेरि बाटोको अड़कन गरि सोध पूछ गरि र ढुक्क भई। अब खाना पीना भए पछि मोहनले भन्यो। साता भरिमा मं बुबालाई जमीन देखाउनु ल्याउंछु। उहांलाई अवश्य मन पर्ने छ मलाई विश्वास छ। राधा तिम्रो के विशेष काम छ जाउं न त कता जानु छ। मेरो कामत तपांई ले गरि दिनु भयो। मगन दाजुले बुझि हाल्नु भए होला। अब मोहनलाई बोल्नु करै लाग्यो। मगन दाजु राधा राम 9 र 10 मा सहपाठी थियौं। मइले देहरामा मामा घर बसेर बीएसी गरे र आर्मी मेडिकल कोरमा भर्ना हुन पायें। राधा र मेरो बाटो तब देखि अलग भयो। तर मनको कुनामा राधा बड़ो गाड़ेर बसे छी। यता राधा मुसमुस हांसी आंख बाट आंसु चुहाउंदै थिइ। मोहनले कतिमाया गर्छ भने विश्वास पुष्ट गरि। राधाले भनि मइले मोहनको लागि नेपाली भाषा सिखें, घरको उठवस चाड़तिहार आजा पूजा भरो परौ सबै संस्कार जान्ने प्रयास गरें। गाउंको यौटा गोर्खाली घरका नानीहरूलाई पढ़ाउंथे, कैले-2 तेहिं बसथें। मोहनज्यूको मुमा बुवा पहिले यहिं नजीकै गाउंमा त वसनु हुन्थ्यो, उहांहरूले मलाई न विर्सेका होलन। मगनले भन्यो राधा बहिनी मैले सबै कुरा बुझें मं प्रगावै तिमि हरूलाई आशीष दी हाल्छु। छिटै जोड़ी बनोस, यंहि नौलो घर जमीनमा मं यौटा शानदार स्वागत भोज गर्ने छू। डॉक्टर बहिनी आएर हाम्रो गाउंलाई लाभै पुग्ने छ। आफ्नो स्यानो भाई सरि मोहनलाई पाएर म र मेरो परिवार धन्य हुने छौं। लौ त अब मं पनि ऊना संगै जान्छु। ऊना पुगेर राधाले मोहनको मुमा बुवालाई खुट्टामा ढोग दी। दुवैले आशीष दिये। मोहनकी मुमाले भनिन मोहन छोरा तेरो अब कुनै निंहु चलने छैन, बुहारी आइ पुगी। बाहुन बोलाउं छु अइले-शुभ कार्य तुरन्तै सिध्याउनु छ कुनै थोक चाहिन्छ बाजार गएर छिटोलेर आइजा। शुभ समयमा बिहे दान सिद्धियो। मोहनले जमीन हेर्ने र मोलभावको कुरागर्ने कुरा बुवालाई भन्यो। बुबाले भने तीमी दुवैले मन पराये मै गयो। घर जमीन बाटो आंफै ठीक गरा हामी एकै चोटी पुग छौं होइन बुहारी! ज्यू बुबा, तेस गाउंको खुला ठाउं पानी बाटो सब राम्रो छ, चार छे महिनामा घर र बाटो सही भैहाल्ने छ। तेतिमा बाहुनले भन्यो, साहबज्यू, लौ भैयाले त डाक्टरनी बुहारी पाउनु भइन मेरो दक्षिणा भेंटी त कम पर्‍यो नी। मोहनले भन्यो पुरैतज्यू धेरैत अब तपांईको दवाई र परचामा काटौला नी। सबै गलजल हांसे। राधा तं बुहारी होइनी हाम्रो छोटी होस, तेरो चौदह वर्षको तपस्या पूरा भयो। माइतीलाई पनि खबर गरि हाल। मेरी मुमा र भाई आजु बेलुकि पुग्नु होला राधाले भनि।

नरेन्द्र ठाकुर

# तजुर्बाका तीता मीठा शेर

-ठकुरी, श्यामपुर

संसारमा आफ्नो भनेको समय हुन्छ,
यो राम्रो भये सबै राम्रो हुने, नत्र केहि न हुने''
कुदरतले संघर्ष गर्नु, निम्तो दिन्छ,
स्वीकार गर्ने अघि बढ्छ, नमान्ने रहन्छ पछौटे,,
इरादा दहिलो राखेर मलाई नफरत गर्नु होस,
अलि कति चुक्यौ कि माया भई हाल्ने छ,,
हुरि बतासमा ताशको घर ठहरदैन
रोइ रहनुले बिग्रेको भाग्य सप्रिन्न,,
हौसला ठूलो बल हो मित्र हो, हारेर कुनै फकीर हुंदैन

एक पटक जीतेर कोई सिकन्दर हुंदैन,,
विषको पनि आफ्नो कुनै सीमा हुंदैन,
मर्नलाई अलिकति, जीउनुका लागि उमेर भरि पिउनु पर्छ,
सुन्दर कौंलो फूलहरू कांडा संगै रहन्छ,
तर मान्छेलाई मान्छे बिजाउंद र लडी मर्छन आपस मार्छन
फरकने छन फूल कसरी साइनो हरुको,
खोजदै रहला अवगुण जब सम्म अर्काहरूको,
हैरानी हुन्छ हेरेर दुनियाको बदलेको मिजाज,
अवगुणिहरूको गरिन्छ सम्मान, हेरेर लिवास,,




चित्रकार-श्री वाई.वी. थापा, रायपुर, देहरादून।

# केहि त बदलिनु पर्छ!!

**कर्नल जीवन कुमार क्षेत्री (अ.प्रा.)**

17 अप्रिल 1938मा स्थापित गोर्खाली सुधार सभाले आफ्नो 83औं यात्रा समाप्त गरेर 84औं वर्षको यात्रामा खुट्टा टेकी सकेको छ। यति लामको चुनौती र संघर्षपूर्ण यात्रामा सामेल सम्पूर्ण पदाधिकारी, कार्यकारिणी तथा समाजको हर परिवार कृतज्ञताको पात्र छन। आर्थिक विषमता, शिक्षाको कमी, मूलभूत सुविधाले वंचित यो समुदायले यद्यपि, देशको प्रति माया, जिम्मेवारी तथा कर्त्तव्यमा कहिले कमि आउन दिएको छैनन्। देशको सुरक्षा, अखण्डता, विकास, एकता तथा प्रगतिमा योगदान देशको अन्य समुदाय जस्तै पुर्‍याई रहेको छ। यद्यपि हामी वंचित किन? समाजको विकास, भाषा, साहित्य, शिक्षा, कला, संस्कारको संरक्षण, असहाय परिवारमा आर्थिक मदत पुर्‍याउने उद्‌देश्यले जन्मिएको यो संस्थाले निरन्तरता सित आफ्नो प्रयासमा लागि रहेको छ। छात्रवृत्ति, वित्तीय पुरस्कार (युवा तथा विद्यार्थीहरूलाइ प्रोत्साहित हेतु) आदि नियमित रुपले दिई रहेको छन। गरीब परिवारमा मदत पुर्‍याउन पछि रहेको छैन, यद्यपि हामी अझै पनि पछि नै छौ, अन्य समुदाय भन्दा। के हामी पछि नै रहने? अरुकै अनुकरण गर्ने की हामी पनि अनुकरणीय न बन्ने? अनुकरण गर्दै अहिले सम्मको यात्रा सफल र सहज रह्यो। समय अझै छ, यात्रा नैँया संकल्प नयाँ सपना, नयाँ र उद्‌देश्य सित अघि बडनु पर्छ। समाज र समुदायको रीडको हड्डी अनि सुदृढ़ स्तम्भ संस्कार, संस्कृति, भाषा, साहित्य अनि शिक्षा हुन। यी सबै क्षेत्रमा हामी सचेत रहे पनि प्रचार र प्रसारमा कमि छ। चेतना र सोचमा हामी कमजोर छौ। संस्कृति, (भेषभूषा, आभूषण, व्यंजन, कला) संस्कारमा जनचेतना छ त यसको श्रेय समाज कै विभिन्न उप जनजातीयलाई जान्छ। म मान्छु प्राय भारतीय गोर्खा बाहुल्य क्षेत्रमा पनि यस्तै अवस्था होला भाषाकै विषयमा बात गर्‍यो भने पनि हर दश वर्षमा हुने देशको जन गणनामा हाम्रो (नेपाली भाषी) संख्या घट्दै गइ रहेको छ। 2011 कै जन गणनाको रिपोट अनुसार भारतमा नेपाली भाषीको संख्या 29,26,168 छ जंहा हामी एक करोड़ भन्दा माथि नै छौं भन्ने दावा गर्छौं। 2001 को रिपोर्ट अनुसार यो संख्या 28,71,749 थियो। दश वर्षमा यो संख्या केवल 54,419 बडेको थियो। उत्तराखण्डमा नै 12–15 लाख नेपाली भाषी छन भन्छौं त उक्त 2011 को जनगणना रिपोर्टमा 106399 छ, जसमा देहरादूनमा नेपाली भाषीको संख्या 'शून्य' छ। यस्तै अवस्था भारत भरि बसेका गोर्खाहरूको होला अनि हाम्रो जनसंख्या घटैको होला। नेपाली भाषाकै शिक्षा प्रति हामी संवेदनशील छैनौं, गम्भीर छैनौं नत्र भने नेपाली भाषी नानीहरूको संख्या स्कूलमा हुने थिएन। देहरादूनको एउटा मात्र गोर्खाको अस्तित्व सित जोडिएको स्कूल "गोर्खा मिलिट्री इन्टर कॉलेज" को समस्या राष्ट्रीय स्तर सम्म पुर्‍याउने पर्ने थिएन। कोशिश समाजका विभिन्न संघ, संस्था तथा समाजले नगरेको होइन यद्यपि यसमा हामी पछि, नै गइ रहेको छौं।भाषा मेटिए जाति अनि जाति मेटिए समाज मेटिन्छ, समुदाय मेटिन्छ, अस्तित्व मेटिन्छ। यस प्रति हामी सबै गम्भीर भएर भाषालाई बचाउन पर्छ। यस प्रति समाजको हर व्यक्तिलाई सचेत गराउन पर्छ। हर दश वर्षमा गरिने राष्ट्रीय जनगणनाको प्रक्रिया Census 2021 शुरू भइ सकेको छ। देशको प्रथम जनगणना सन् 1951 मा शुरू हुन भन्दा पहिले गोर्खाली सुधार सभा, देहरादूनले आफ्नो समुदायलाई आह्वाहन गरेको थियो "आने वाला जनगणनामा भाषा नेपाली लेखाने" भनेर। यस्तै आह्वाहन देशको दोस्रो जनगणनाको समय सन्

1961मा दार्जिलिङ मा 10 अप्रिल 1961 गरेको थिए। भाषाको महत्व विस्तारै कम हुँदै गएको लाग्छ। समय बित्दै गयो, संकल्प र सोच कमजोर हुंदै गयो। यो बदलाव सम्भवत् समयको साथ भए पनि भाषामा त केहि फरक न पर्नु पर्ने। आमाको कोखबाट सिखेको भाषा अवश्यै बिर्सन सकिन्न। भाषाको साथ-साथ अर्को मुख्य विषयमा हामी अन्जान छौं या अन्जान रहन चहान्छौं नत्र भने आज सम्म हामी झण्डा र डण्डा समात्नेर लावा लश्कर बनि भीडको अंश मात्रै किन? हामी के यसैमा सन्तुष्ट रहने हो की अघि पनि बडने हो। राजनैतिक परिवेशमा हाम्रो उपस्थितिको आभास पुर्‍याउन सकेको थियौं साथै एक दुर्जेय (Formidable) पार्टीको रूपमा अन्य क्षेत्रीय तथा राष्ट्रीय राजनैतिक दलहरुले मानेका थिए। हिन्दु महासभासंग गहिरो सम्बन्ध थियो। भारतीय गोर्खाहरुको विभिन्न समस्याहरु र त्यसको समाधानको निम्ति आफ्नो प्रष्ट दृष्टिकोण बनाउँद थिए/बनाएको थियो। तर दीर्घायु रहन सकेन गोर्खा लिग। यसरी नै अन्य प्रदेशहरूमा पनि आफ्नै राजनैतिक पार्टीको जन्म भयो तर दीर्घायु रहन सकेनन। कमी हामीमा नै छ, नत्र भने '80 को दशकमा चलेको अस्तित्वको आन्दोलन गन्तव्यमा पुग्नु भन्दा पहिले छाहारीमा बस्ने थिएन। त्यसरी नै 2017 को यो झुक्दै न झुक्ने, लुक्दै न लुक्ले गोर्खाहरुको अस्तित्वको आन्दोलनको 105 औं दिनमा थाहै न पाई नेतृत्व लापता हुने थिएन। अहिल सम्म हाम्रो शीर्ष संस्था संगठनहरू राजनीति सित अछूत रहे। अब यी पुराना, परिपक्क अनि अनुभूतिले परिपूर्ण समाज र संस्थाले एउटा मंच प्रदान गर्नु पर्छ जसले समुदायकले पनि यस कदमलाई हर किसिमको शक्ति जुटाउन पर्छ। हामी शोषितवर्ग बनेर कहिले सम्म शासक वर्गको चपेटमा रहने? राजनैतिक अनि यसै प्रक्रियामा लिप्त मतदान हाम्रो संवैधानिक मूलभूत अधिकार हो। हाम्रो नेतृत्व केवल समाजको परिधिमा मात्र नरहे र एक राजनैतिक पटलमा पनि हुनु पर्द छ। यो संकल्प सभा, संगठन, संस्था आदिको भए अवश्यै समाज र समुदायको पनि हुने छ। राष्ट्र मूलधारको भित्रै गोर्खालीको एउटा राजनैतिक संस्था (पार्टी) हुनु पर्छ भन्ने विचार र संकल्प हुनु पर्छ अनि जाग्नु पर्छ। मताधिकार कै शक्तिलाई आफ्नो शक्ति बनाएर राजनैतिक चुनौतीहरुमा विजयी बनौं। राजा बनाउने शक्ति नभए पनि, खेल बदलने शक्ति बनौं (If not King Maker, be a game changer) हाम्रो मताधिकारलाई सावनको भेल भन्दा सस्तो न बनाँउ, यसलाई शक्तिशाली बनाउँ। भारत भरि छरिएर बसेका गोर्खाहरुको आआफ्नै संस्था छन जो प्राय जस्तो भारत स्वाधीन हुनु भन्दा पहिले देखिका हुन्। 1916 मा "पंजाब हिमाचल प्रदेश गोर्खा एसोसिएशन" को स्थापना भयो, 1924 मा दार्जिलिङमा "गोर्खा दु:ख निवारक सम्मेलन" देहरादूनमा "गोर्खाली सुधार सभा" स्थापित भए अनि अहिले सम्म पनि यी सब सक्रिय छन्। यस बाहेक, उत्तर पूर्व राज्यहरु, उत्तर प्रदेश सबैमा गोर्खा संस्थाहरु छन् अनि म मान्दछु ती संस्थाहरू त्यति नै पुरानो हुन र सक्रिय छन्। यी सब संस्थाहरू आफ्नो संस्थाको "शताब्दी वर्षगांठ" मनाउन लाग्ने छन। हिमाचल प्रदेशले त मनाई सक्यो। प्रण गरौं हामीले यो शताब्द महोत्सव एक समृद्धशाली, शिक्षित, सर्वसम्पन्न, राजनैतिक परिपक्व अनि एक अनुकरणीय समुदायको रुपमा मनाऔ एक वंचित समुदायको रुपमा होइन याद राखौं हामी सहनशील छौं, साहसी छौं ईमानदार छौं, हामी राजभक्त पनि छौं अनि सेवक पनि। अत्याचार न गर्ने र अत्याचार न सहने यो जातीले सहि नेतृत्व पायो भने संसारमा गर्न न सक्ने कुनै काम छैन।

# सुनको कड़ाही नेपालीले तीन रुपियाँमा लोहारलाई बेचे

**उदय ठाकुर**

10 दिसम्बर 1857को कुरा हो। नेपाली प्रधानमंत्री जंग बहादुर राणा अंग्रेजहरुको मददको लागि सिपाही विद्रोहीलाई परास्त गर्नु स्वयं तीन पल्टन लिएर गोरखपुर हुंदै लखनऊ तिर आए। लखनऊ विद्रोही हरुको प्रधान गढ़ थियो अनि स्थानीय विद्रोहीहरू बलिया भएर बसेका थिए। जंगबहादुरको मददले लार्ड कैनिंगको फौजले गोरखपुर कब्जा गरि अवधको सम्पूर्ण उत्तरी भाग बाट विद्रोही हरूलाई धपाउन समर्थ भए। 11 दिसम्बर 1857 तारीखको दिन नेपाली फौजले बेगम कोठी कब्जा गऱ्यो र त्यसको अर्को प्रधान अड्डा आलमबाग पनि उसको कब्जामा आयो। यस पछि नेपालीहरू छतर मंजिल र मोती महलको साथै उत्तरी भारतको विख्यात केशर बाग पनि कब्जा गर्नु समर्थ भए। अवधको नवाबीका दिनमा केशर बाग वैभव र विलासको सामग्रीको दृष्टिले संसार प्रसिद्ध थियो। केशरबाग का चारैतिर नवाबका बेगमहलका हीरा-मोती र सुन-चांदीले सिंगारिएका विलास भवनहरू थिए। नेपाली फौजको कब्जा हुन साथ केशरबागमा ठूलो लूट मच्चियो। हीरा-मोतीको मूल्य न जान्ने नेपालीहरूले यस समय जस्तो बेकदरी गरे त्यो हास्यको भाव उत्पन्न गर्दथ्यो। भन्छन कि कुनै बेगमको शयनागारमा बहुमूल्य मोतीको माला झुण्डिएको थियो। एक जना नेपाली फौजीको नजर त्यसमाथि पऱ्यो। मोतीको मूल्य देखि अनभिज्ञ त्यस फौजीले मोतीको सबै दाना फोरी तिनलाई उनेको सुनको मसिनो तारमात्र आफ्नो खल्तीमा हाल्यो। एक अर्को नेपाली फौजीले बेगमको भान्सा घर बाटा एउटा सानो कडाही उठायो। त्यो कड़ाही त्यस फौजीलाई असाध्य मन परेको थियो। कड़ाहीको चमकले मात्र त्यो फौजी आकर्षित भएको थियो। सुनको पहिचान थिएन। युद्ध सिद्धिए पछि यो फौजी देश कडाही लिएर फर्किए।असाध्यै मन परेको ले कडाही लिएर पहाड़को आफ्नो घर आयो। खाना बनाउछु भनेर चामल धुन लाग्दा त्यसमा सानो प्वाल परेको रहे छ। चामलको सबै पानी चुहेर तल भुईमा झरयो। यस पछि काम न लाग्ने रहे छ मनठानी नेपालीले त्यो कडाही गाउंको लोहारमा लगेर तीन रूपियांमा बेचे छ। यस घटनाको केहि दिन पछि गांउको सुनार आफ्नो कडाहीको प्वाल टाल्न त्यंही लोहारको मा लाग्यो लुहार कड़ाहीको प्वाल टाल्नको निम्ति फलामको टुक्रा खोज्दा एक्कासी उसको दृष्टि त्यस कोठाको कुनामा फालिराखेको त्यही कड़ाहीमा पर्न गयो। लुहारले त्यस कड़ाही बाट एउटा टुक्रा काटयो। टुक्रा काटना साथ काटेको ठाउं सुन जस्तो पहेलो देखियो। पहेलो देख्न साथ त्यहां नै बसेको सुनार छक्क परेर त्यो कड़ाही हातमा लिएर राम्रोसित हेरयो, जांच्यो अनि लोहार सित उसले सोध्यों-यो कड़ाही मलाई बेच्छौ? मनासिब दाम दिनेछु, के भन्छौ? यति भनी सुनार उत्सुक भएर लोहारको मुखतिर नै आंखा न झिम्कांई हेर्न थाल्यो, किनकि त्यसले त्यो कड़ाही सुनको हो भन्ने कुरा जानिसकेको थियो। उता उसको कडाही सुनको रहेद भन्ने कुरा देखि अंजान त्यो लोहर आश्चर्यचकित भएर सुनारको मुख हेर्न थाल्यो। लोहारले भन्यो-किन न बेच्नु हजुर, तर यसको मोल कम्ती छैन। लखनऊको लड़ाई बाट फर्केको एकजना नेपाली फौजीले नवाबको महलभित्रको माल-समान लुट्दा यो कडाही भेट्टाएको थियो रे। यस कारण यो ऐतिहासिक कडाही अत्यन्त मूल्यवान छ। हुन्छ बाबा हुन्छ। म यस कडाहीको निम्ति पन्ध्र रूपयिां दिनेछु। आफ्नो प्वाल परेको कड़ाही पनि तपाईलाई नै सित्तैमा दिजानेछु। यति भनेर सुनारले आफ्नो खल्ती भित्र बाट पन्ध्र रूपियां झिकेर तीन रूपियांको कड़ाहीको एकमुष्ठ पन्ध्र रूपियां पाएर लुहार अत्यन्त खुशी भयो। फेरि एउटा कड़ाही पनि सित्तैमा त्यसले पायो। लोहारले मनमा विचार गऱ्यो-यो सुनार कस्तो मूर्ख रहे छ। उता सुनार सुनको त्यो कीमती कड़ाही लिएर कुलेलम ठोक्यो।

# मलाई सोध्नेहरुलाई!!

–कर्नल जीवन कुमार क्षेत्री (अ.प्रा.)

मलाई सोधनेहरुलाई,
मेरो नानीहरूलाई सोध्नेहरुलाई
वर्षों देखि हामी सबैलाई सोध्नेहरुलाई
मेरै मालिकलाई, मेरै परिश्रमले
धनी बनेको मेरा साहेबहरुलाई
मेरै छिमेकीलाई मेरै साथीलाई
मलाई चिन्न न जान्नेहरुलाई
चिनेर पनि अपरिचित बन्नेहरुलाई
मेरो जवाब।
हजुर म को हो ?
जवाब मेरो नानीको स्कूलको गुरुहरुलाई।
म त्यही तिम्रै स्कूलको गोर्खा,
त्यही तिम्रो अपार विश्वास भएको गोर्खा,
जसले तिम्रै स्कूलको द्वारमा खडा भएर
तिमीलाई बोल्ने सहास दिने
"गोर्खा है न पत्ता भि हिलने नहिं देता"
हो म त्यही गोर्खा।
जवाब मलाई सोध्ने मेरो छिमेकीहरुलाई।
हजुर म त्यही गोर्खा,
तिमीले आफ्नो कांधमा मेरो टाउको राखेर
मलाई ढाडस दिएको थियौ मेरो छोरोको बलिदानमा
मेरो चरणमा राखेर पुरै हिन्दुस्थान,
मलाई गर्वित गरेको थियौ।
एक मेरो हितैषीको रुपमा।
हो म त्यही गोर्खा।
जवाब, मलाई सोध्ने मेरै सेठलाई,
हो हजुर म गोर्खा।
मेरै परिश्रमले उब्जाएको
तिम्रो दोकान सम्म पुर्याएको चियापत्ति,
मलाई नै बेचेर तिमीले जीविका चलाएको
म त्यही गोर्खा।
जवाब मलाई सोध्ने डॉक्टरलाई।
सानो तिनो बिमारलाई परिश्रमले पर धपाउने म गोर्खा,
बिमारले लाचार भएर तिम्रोमा आउंदा, मेरो खल्ती टटोलेर,
मेरो हर बिमारीमा सानो पुडिया
दिएर, मेरो बिमार ठीक हुने विश्वासमा खुशीले, तिम्रो चरण
छुएर कृतज्ञ जताउंदा, मलाई नहेरी
बाहिर निस्क भन्ने संकेत पाउंदा
म अबोल बनि बाहिर निस्कने।
हो म त्यो गोर्खा।
जवाब मेरै वोटको ताकत चिन्ने
तर मलाई चिन्न न सक्नेहरुलाई।
म त्यही गोर्खा।
युगौं देखि यहि माटोमा हुर्किएको म गोर्खा,
वीरताको इतिहास रचेर वीरको विशेषण पाएको म गोर्खा,
मृत्यु सित न डराउने म गोर्खा
तिम्रो सुरक्षामा, तिम्रो अन्नदमा आंच आउन न दिने,
आफ्नै जीवन होमी दिने म गोर्खा
पूर्व देखि दक्षिण सम्म,
युगौं देखि ईमानदारी, अथक परिश्रमले,
निस्वार्थ भावले सिंचेको जमीन
आजको कृषकलाई जमींदारको उपाधि दिने, म गोर्खा।
मैदान फाडेर, पहाड़, चट्टान काटेर
विश्वमा चियाको स्वाद पुर्याउने,
चियालाई विश्वमा चिनाउने, म गोर्खा।
हो म झुक्दै न झुक्ने गोर्खा
हो म लुक्दै न लुक्ने गोर्खा
हो म रुक्दै न रुक्ने गोर्खा
सबैको साथी बन्ने म गोर्खा
पछौडे होइन म गोर्खा।
गोली सहने म गोर्खा
गाली न सहने म गोर्खा
तृष्णा सहने म गोर्खा
तिरस्कार न सहने म गोर्खा।
मलाई भिन्नेहरुलाई
म उग्र गोर्खा
म उग्र गोर्खा
म प्रचण्ड गोर्खा
म एकहोरो गोर्खा



# बूटको कर्कश अवाज

कहानी- आ.क. वाई बी थापा

"दून वैली" देहरादूनको एउटा प्राचीन नाऊँ। जहां प्राकृतिक दृश्य हेर्न टाड़ा-टाड़ा देखी पर्यटकहरू आउंछन। सांझको बेला थियो, लालीमा चारैतिर फैलिएको थियो, अन्धकारले आफ्नु जाल बुन्नु थालेको थियो। यसै जालमा परेर जांऊ जयतुनवाला पनि चाम चुम्मै पर्नु थालेको थियो। बाटो छेंउमा एउटा सानो घर, माथि लेखियाको थियो "योगेश विला" जस्मा मात्र तीन वटा प्राणी थिए। सासु आमा, बुहारी रजनी अनि नाती अनुराग। अनुराग आज आई.एम.ए. बाट पासिंग आउट परेड पछि घरमा आएको थियो। चारैतिर खुशीको लहर थियो, किनन होस लेफ्टिनेंट अनुराग आफ्नु बाबाको पल्टनमा पोस्टिंग जांदै थियो। अचानक तल बाटोमा ध्रयाक-ध्रयाक, ध्रयाक ध्रयाक र कुक्कुर भुकेको शोर सुनेर बजै ले भित्र बाट डाके-

"अनुराग...ऐ अनुराग"।

"हजुर बजै"। अनुरागले जुताको तना फुकाउंदै भने।

हेर त बाहिर कुकुरहरू किन भुक्दै छ"।

अनुरागले बाहिर हेरेर भने" बजै पल्टने हरूके रहे छ, ट्रेनिंग को लागि हिनेको"।

"ए....हो"। भन्दे बजै पनि ओछ्मान बाट उठेर बाहिर पिंडीमा आयेर बसे, अनि ..... बाटोमा थुप्रै पल्टने हरू किसिम किसिमका ठूला-ठूला हाथ हथियार हरू बोकेर आंउदै थिये।

"बुहारी....ऐ बुहारी"। बजै ले बोलाए।

"हजुर आमाजी," भन्दै बुहारी पनि ढोकामा निस्कि।

"हेरत, विचरा हरू रात-दिन, घाम-पानी न भनिकन ट्रेनिंग गरि हिड़छन, किन...? आखिर लड़ाईमा विजय प्राप्त होस भनेर, अहिले पसीना बगांउछन लड़ाईमा खून न बगोस भनेर"। ......एक क्षण मौन रहिन बजै। उनिलाई पंक्तिको हर सिपाही हरुमा आफ्नु छोरा योगेशको झल्को देखिन थाल्यो....अनि भने, "मेरो छोरा योगेशले पनि यस्तै ट्रेनिंग गरेको थियो, यस्तै पसीना बगायको थियो.. फेरी पनि हामीहरू बाट संधैको लागि छुटिएर गयो...। बुहारीको दुवै आंखा भरि आंसूले भरि सकेको थियो। उसलाई बाटोमा हिडेको सबै सिपाही हरू धुमिलो देख्नु थाल्यो। मुटुबाट उठेको व्यथा थाम्नु न सकी फर्लक्क फर्केर भित्र कोठामा पसीन।

ओछ्यानमा पल्टेर धुरु धुरु रून थालीन् र निकै बेर सम्म रोई रहि। हृदयको व्यथा आंसूले धोए पछि टाउको उठायेर झ्याल बाटा बाहिर सुन्तला देवीको थान तिर हेरी, जहां बाट घंटीको शोर आंउदै थियो ठयाङ...ठयाङ...ठयाङ....ठयाङ।

झलझली याद आयो बितेकाती अतितका पलहरू रजनीलाई। बीस वर्ष अघिको त्यो दिन....जब यहिं सुन्तला देवीको थानमा योगेश सीत प्रथम भेंट भएको थियो। रजनी मिरिक दार्जिलिङको निवासी बी.एड. को परीक्षा सकिये पछि आफ्नु काका-काकी को मा

…म्नु रायपुर देहरादून आयेकी थिई। अनि एक दिन बहिनी मंजु सित सुन्तला देवीको थानमा पूजाको निम्ति गयेकी थिई। माथी साथीहरु छेउ पुग्दा सबै थाकेर हुईया परेर कुवाको छेउंमा विश्राम गर्दे थिए। केहि क्षणमा तलतिर देखी चार-पांच जना केटा हरूको हुल त्यहां आई पुग्यो। जस्मा योगेश पनि थियो। योगेशलाई देख्नु साथै मंजुले चिन्ही हाली। योगेश र मंजु संग-संगै डी.ए.वी. कॉलेज देहरादूनमा पढ़द थिये। बाबाको मृत्यु पश्चात योगेश फौजमा भर्ती भैहाले। योगेशको घर यहीं जयतुनवालामा थियो र दुई महीनाको छुट्टी आयिके थियो। नजीक आउना साथै मंजूले नमस्कार ज्ञापन गरि अनि सबैलाई रजनीको परिचय पनि दिइ। सबैलाई रजनीले पनि हाथ जोड़िकन अभिनन्दन गरे। योगेशले पनि अति नम्रताको साथमा नमस्कार गरे। हेरी रह्यो एकटक रजनीलाई। अचानक दुवैको आंख जुझ्यो। कता कता रजनी लजाउदै भुई तिर हेरी रही। कुन्नि किन हो योगेशलाई यो लजाउने बानी साहै राम्रो लागेको थियो रजनीको येस्तो सुन्दरता योगेशले पहिला कहिले पनि देखेको थिएन। रातो गाला गुलाबको पंखुड़ी जस्तो होंठ, ठूलो-ठूलो गहिरो-कालो आंखा-लामो-लामो केश-मस्त हावा को लहरमा केशराशीको एउटा लट्टाले गुलाबी गालालाई चुम्दै थिये। हल्को निलो रंगको सूटमा अति सुन्दर लागेकी थिइन यहि सुन्दरतामा बिलायेको थियो योगेश।

"योगेश",। अचानक मौनता भंग गर्‍यो मंजुले। "हैं...अं" झस्कियो योगेश अन्त न जानु त? भन्दै अंखरामा खुई बाट निकालेको जल लियेर मन्दिर तिर लागे। योगेश र साथी हरू पनि गफ गर्दै संग संगै अघि लागे! रजनीलाई मन्दिर साहै राम्रो लाग्यो, सुनसान वातावरण चारैतीर डांडा-कांडा तल, दक्षिणमा सर्प जस्तै नुन नदी खोला, खोलाको छेंउमा गांउ जयतुनवाला! पूजा पश्चात सबै युवाहरु तल ओह्रालो फर्किये र तल खोलामा झरेर पिकनिक मनाए। निकै नाचगाना गरे। अब सम्म रजनी र योगेश झयाम्मी सकेको थिए। अनि सांझ सबै आफ्ना-आफ्ना घर तर्फ फर्किये।

समय बित्दै गयो। योगेश अनि रजनीको भेटघाटको सिलसिला पनि शुरू हुन गयो। योगेशको आमाले पनि रजनीलाई साहो मन पराउद थियो। यस बारेमा मंजुको बुआ मुआले पनि चाल पाई सकेको थियो। अनि एक दिन मंजुको बुआ मुआ दार्जिलिंग गयेर रजनीको बुआ मुआ संग रजनी र योगेशको विवाहको प्रस्ताव पास गरि दुवैको विवाह धूमधामले गरि दियो। विवाह अचानकैमा भयो मात्र बीस दिनको आकस्मिक छुट्टी आयेको थिये योगेश। दुल्ही घरमा हुलेके तेस्रो दिनमा नै पल्टन हाजिर हुनु थियो कति कुरा एक थियो योगेशको मनमा रजनी प्रति तर समयको अभावले गर्दा सबै कुरा मनमा नै लियेर जानु पर्‍यो। अनि दशै पछि दुई महिनाको छुट्टी आयो। यसपल्ट योगेशले आमा र रजनीलाई निकै तीर्थ स्थल र पर्यटक स्थल हरू घुमाये। एक महिना कसरि बितयो थाहा लागेन। शेष एक महिनाको छुट्टी दार्जिलिंगमा घुमने कार्यक्रम थियो। जानु भन्दा अघि दुवै सुन्तला देवी थानमा पूजा गर्नु गये। पूजा पश्चात तल आए पछि दुवैले चिया पिउने विचारले नजिकैको दोकानमा गए। चियाको चुस्की लिंदै योगेशले मौनता भंग गर्‍यो। "रजनी"। "हूँ"! रजनीले योगेशतिर हेर्दै जवाफ दिइ। "के थाहा छ तिमी लाइ,? हाम्रो प्रथम भेंट पनि यहिं सुन्तला देवीको थान माने भएको हो"? योगेशले रजनीको केश राशि.....हातले खेलाउंदै

भने। "किन थाहा न हुने, मं त्यो दिन कहिले पनि बिर्सुन सक्दिन"। "मैले केही दिन देवी संग एउटा चीज मांगेको थियें"। योगेशले एउटा लामो श्वास तानेर भने। "के...त? रजनीले उत्सुक्तावस सोधेकि थिई। "तिमीलाई"। "अच्छा", भन्दै रजनीले पुर्तुक्क हेरी योगेशलाई अनि लजाउदै आफ्नु टाउको योगेशको चौड़ो छातीमा राखि दियो। केहि पछि योगेशले भने, "अनि आज पनि एउटा चीज मांगेको छु देवी संग" "अच्छा! के हो नी?" रजनीले उत्सकुकता सित सोधी! "एउटा...."एउटा....हाम्रो मायाको चिन्हों! केहि बोलिन रजनी, लाजले भुतुक्कै भयेर आफ्नु मुहार योगेशको छातीमा लुकाउने प्रयत्न गरि। त्येहि बेला योगेशले रजनीलाई अलिंङबद्ध गरेर, निधारमा एउटा चुम्बन दिंदै भने "माथी डांडामा हेर रजनी", रजनीले टाउको उठायेर पुर्लुक्क हेरी। थान तिर जाने गोरेटोंमा आउने जाने भक्तजन हरुको तांती थियो। "यो सबै मान्छे हरु पनि त देवीमा एउटा आस्था विश्वास, आशा बोकेर आंउछ आफ्नु मनोकामना पूर्ण होस भनेर। "........."केहि बोलेन रजनी। एकोहोरो हेरी रहेकी थिई देवीको थानलाई। शायद मनमने देवीको चरणमा परेर प्रार्थना गर्दई थिई, मेरो योगेशको मनोकामना पूर्ण गरिदेउ भगवान।....मन्दिरको घंटी को शोर अझै आंउदै थियो ठयांग ठयांग...ठयांग ठयांग। नवम्बर 1971, 1 तारिख आज योगेश रजनी र आमा दार्जिलिंग माईत जानु छ। आजु बिहान देखी नै योगेशले लग्ने समान हरू तैयार पारनु लागेको थियो। रेल रिजर्वेशन पहिलेई नै भै सकेको थियो, देहरादून बाट लखनऊ त्यस पछि न्यूजलपाईगुड़ी अनि अन्तमा बसमा दार्जिलिंग। अचानकै ढोका ढक्कढक्यायो ठक..ठक..ठक...ठक...। "को-हो"? भित्र बाट योगेशले ब्याडिंगको फीता कस्दै भने। "भाई साहब में हूँ डाकिया"। योगेश हतार म बहिर निस्के। "कहिये"। "योगेश थापा क्या आप ही हैं"? "जी हां....!"आपके नाम तार है" डाकियाले एउटा लिफाफा योगेश तीर बढ़ाउदै भने। योगेशले तार लियेर हतार हतार पढ्नु थाल्यो...Your Leave Cancelled comma Report Unit Soon सन्न पर्‍यो योगेश। "यहां हस्ताक्षर कर दीजिए"...झस्कियो योगेश...डाकियाको स्वर सुनेर। आखिर त्येही दिन त्येही रेलमा पल्टन तिर लाग्यो योगेश। घर बाट बिदा हुँदा आमा र रजनीले खिन्न मनले विदा गरेको थिए। आफ्नु छेऊँको दुई वटा बर्थ रित्तो थियो रजनी र आमाको...एकोहोरोहेरिर यो त्यो बर्थ लाई....रेल आफ्नु गतिले दुगरी रहेको थियो बितेको एक महिना कसरी बित्यो थाहा लागेन...एउटा सपना झै लाग्यो। रात भरि योगेश कोल्टे काटी-काटी समय निकस्यो बिहान पख कैले निदाएछ थाहा लागेन। दिसम्बर 1971 पूर्वी पाकिस्तान माथी.. हमलाको आदेश पाउना साथ योगेशको पल्टन पूर्व बाट मेघालय र पूर्वी पाकिस्तानको सीमा सरमा खोला बाट अघि बड़ी एटग्राम, गाजीपुर, कलौरामा हमला गरि कब्जो गरे चौथो हमला सिलहटमा थियो। सी कम्पनी जस्मा योगेश पनि थियो लाई आदेश पायो हेलीबोर्न ऑपरेशन गरि दुश्मनको बंकर हरु माथि हमला गर्ने। सबै भन्दा ठूलो हमला 7 दिसम्बरको राती भयो। हेलिकॉप्टर बाट हाम्प फाल्ने बितिकै दुश्मनको गोली बसिर्नु शुरू भयो। "आयो गोर्खाली" को गर्जनाको साथ दुश्मनको बंकर माथि खुकुरीले हमला गरे। धेरै पाकिस्तानी हरू खुकुरीको हमलामा मरे कैयों भागे। योगेशले पनि तीन वटा दुश्मनलाई खुकुरीले ढुन्काएर बहादुरीको परिचय दियो। त्येहि बेला कता बाट एउटा गोली आयेर योगेशको छाती म लाग्यो, ढंग लड्यो योगेश गल्ला साथीले "के भयो योगेश" भनेर छाम्दा "मलाई केहि पनि भाको छैन

# सभा परिसर बाट विभिन्न आयोजन





तीज महोत्सव 2020
नारीशक्तिहरु

भानु जयन्ती समारोह
दीप प्रज्वल्न समाजको
दिग्गज महानुभवहरू बाट





चन्द्रबनी शाखा
द्वारा सिलाई बुनाई
सिखलाईको शुभारम्भ




मासिक अंतरग सभाको दृश्य




चमोली जिल्लामा प्राकृतिक आपदामा
दिवगंतप्रति भावपूर्ण श्रद्धांजलि



भारतीय गोर्खा परिसंघ को 21औं स्थापना दिवस

# हाम्रो सभा अनि हाम्रो सरकार





माननीय श्री तीरथ सिंह रावत उत्तराखण्ड राज्यको मुख्यमंत्री सित प्रथम औपचारिक भेटघाठ



माननीय श्री त्रिवेन्द्र सिंह रावत पूर्व मुख्यमंत्री द्वारा बलिदान दिवस को उपलक्षमा शहीद मेजर दुर्गामल्लको शालिगमा श्रद्धांजलि अर्पित।



केबिनेट राज्यमंत्री नियुक्तिको उपलक्षमा माननीय गणेश जोशीज्यूलाई शुभकामना चढ़ाउँदै सभा अध्यक्ष



मानानिय भूतपूर्व सांसद श्री तरुण विजयको सम्मान समारोहमा मुख्य अतिथि श्री पदम सिंह थापा, अध्यक्ष गोर्खाली सुधार सभा श्री तरुण विजयको साथमा




गलवान शहिदहरुलाई श्रद्धांजली, शौर्य स्थल



माननिय श्रद्धेय बालकृष्ण महाराज सित सभा अध्यक्ष श्री पदम सिंह थापा तथा कार्यकारिणीहरुको शिष्टचार भेटघाट

तिमीहरु अघि बढ़" यो अंतिम शब्द योगेशको गल्लाहरुले सुनेको थियो। बिहान भुक भुके उज्यालो म कम्पनी कमाण्डरले खोज गर्दा योगेशको छेउमा पुग्यो हातले घाटी छाम्दा चीसो भै सकेको थियो दाहिने हातमा अझै पनि खुकुरी थियो। गोजीमा एउटा कागज भेटायो खोली हेर्दा रगतले भिजेको अधूरो पत्र रहे छ जो रजनीलाई लेखेको, रहे छ... "प्रिय रजनी अटूट प्यार, म राम्रै पल्टन पुगे मेरो सुर्ता न गर्नु"...कम्पनी कमाण्डरले पत्र गोजी म हाली दिए, छेउमा हेरे थुप्रै दुश्मन हरू रगतै रगत भएको घांटी बाट एउटा डिस्क छिनाएर गोजी म हाल्यो अनि एउटा आफ्नो श्रद्धांजलि चढ़ाएर अघि बढ़यो। गोर्खा पल्टनको अदम्य साहस बहादुरीले गर्दा 16 दिसम्बरको दिन सात हजार पाकिस्तानी सेनाले सिल्हट मा आत्मसर्मपण गरे। आत्म सर्मपण पछि सिलहट गेरिजन कमाण्डरले भनेको थियो "अगर यो गोर्खाली पल्टन यहाँ न हुने भए म अझै सात दिन सम्म लड़नु सक्ने थिँए"। यो युद्धमा दुई महावीर चक्र, तीन वीर चक्र, तीन सेना मेडल अनि 'युद्ध सम्मान सिलहटले' अलंकृत गरे। शहीद योगेश वीरचक्र (मरणोंपरान्त) ले अलंकृत भए।

समय बित्दै गयो रजनीको एउटा छोरो भयो नाम राख्यो अनुराग। योगेशको अन्तिम चिन्हो। उसको पालन पोषणमा रजनीले कही कमी राखेन। वीरचक्र प्राप्त वीर नारीलाई गोर्खाली समाज संस्थाहरूले सम्मानित गरि धेरै सहायता प्रदान गरे। अनुरागलाई छात्रवृत्तीले राम्रो शिक्षा ग्रहण गराउ। रजनी लाई गोर्खा मिलिट्री इण्टर कॉलेज म शिक्षिकाको जागीर म लगाए। आज घरमा खुशीको वातावरण थियो। अनुराग I.M.A बाट पासिंग आउट परेड सकिए पछि घर आएको थियो। रजनीको वर्षोको परिश्रम आज सफल भएको थियो। अनुराग लेफ्टिनैंट भई आफ्नै बाबाको पल्टन म पोस्टिंग जांदै थियो। आमा! अनुरागको श्वर थियो। "हूँ"....। झस्कियो रजनी। उठ आमा अब धेरै सानो मन न गर, रात परिसको छ मलाई सारहे मोक लागे छ। "हुन्छ" "बजई लाई पनि बोलात म भात पस्किन्छु" भन्दै रजनी भान्सा घर तीर पसि। बजै...बजै...भन्दै अनुराग पेंढ़ी म आए "होईन बजै आज त साहै खुशीको दिन...हजुरको छोरा भनेपनि नाती भने पनि मनै होनि" बजै ले पुर्लक्क हेरि अनुरागको मुहार म बजैको आंखामा आंसू झल्लेको थियो अचानकै अनुराग लाई आलिंगबद्ध गरि अनि निधार म चुम्बन गर्दै भनि अनुराग यो खुशीको आंसू हो...अनुरागले बजै लाई समाती भान्साघर तिर लगे। बाहिर अंध्यारो भैसकेको थियो, पल्टने हरु विलीन भै सकेको थिये तर कता–कता, अलि–अलि बूटको श्वर अझै आंउदै थियो...घ्रयाक..घ्रयाक..घ्रयाक.. घ्रयाक!

(एस कहानीको पात्र अनि घटनाहरु सबै काल्पनिक हुन)!

लेखक

# छिमेकी

–भूपेन्द्र अधिकारी
देहरादून

औ धनेकी आमा, उ पल्लो घरमाको भाडावाला आएछ। छोटा हाथी बाट सामान उतार्दै छ। भनीन, धेरै दिन खाली थियो घर, बल्ल आएछ मान्छेको होला हगी। गएर सोध्नु न, कहाँ बाट आए छन ? होस, सोद्धीन है, भोलि-पर्सी चिनापर्ची भै हाल्छनी। भन्दै रमेश दोकान खोल्न जान तयारी भए। खोई खाजा देउ मलाई, ढीलो भयो; तेती बेलै बाहिर दैलोमा मानिसको चहल-पहल सुनेर ढोका खोल्दै हेरे। नमस्ते भन्दै आफ्नो परिचय दिए, म बाबुलाल। हामी तपाईको पल्लो घरमा भरखर सर्दै छौं र एसो चिना-पर्ची गर्न आएको भने। "भित्रै आउनु होस्न" भन्दै धनेकी आमाले सोफामा बसाउदै रमेशको बाबालाई बोलाए।

'ए सुन्नु भो, यहाँहरु, बनाउछु है भन्दै भित्र चौकातिर लाग्दा रमेश हात जोड़दै म रमेश भन्दै परिचय साटे। म बाबुलाल यहाँ कोर्टमा काम गर्छु, मेरी श्रीमती र हाम्रो छोरा बोयज स्कूलमा पढछ अनि तथाई कुन डिपार्टमा हुनु हुन्छ? बाबुलालले जान्न चाहे। रमेशले सहज भावमा भने, म त कुनै डिपार्टमा छुइन, मेरो त, दोकान छ एउटा सानो, पान बजारमा। पुस्तैनी दोकान हजुर, तेसैलाई चलाउंदै छु। चिया-बिस्कुट लिएर धने की आमा आइन र छिमेकीलाई टक्राइन नयाँ घरमा आउनु भएको छ केही चाहिएभा भन्नु होला भनी आफ्नो सहयोगको सेवा दिइन। रमेशले पनि सहमति थपे। चिया पिउदै बाबुलालले भने, हुन्छ नी अब तपाईहरू कै सहयोगमा हामी छौं भन्दै। जानलाई उठे चिया सके र कचहरीको बाबु, बाबुलालको कमाई राम्रो रहे छ। हेर्दा हेर्दै उसको घरमा आए दिन डिनर पार्टी र गाड़ीहरूको चहल-पहल निकै देखिन थाल्यो।

दुई वर्ष भित्र मै बाबुलालले त्यो घर आफ्नो बनायो भनौं ... तल्ला माथी पनि थप्यो।

मानिसको जीवनको कुनै भरोसा न हुदो रहे छ। एक दिन चार बजे तिर बाबुलालको घरमा अचानक छापा पर्‍यो; आय भन्दा धेरै सम्पत्ती थुपारेको मा। यो समाचार जंगलमा लागेको उड़ेलो झै फैलियो उता पुलपुलीएको एउटै छोरा, पहिले देखिनै विग्रीएको, महा अटेरी थियो, ड्रग मामलामा जेल गएको पनि निकै दिन भई सकेको थियो बाबुलाललाई दुई धारे तलवारले हिर्काए झै भयो। पिर र सहन न सकेर जेल जानु भन्दा वरू मर्न निको भनेर बेइज्जती बाथरूममा झुण्डीएर आत्म गरे।

छिमेकी र आफन्तीहरुले येन केन दाह संस्कार गरि दिए। चोखिएको भोलि पल्ट नै विधवी सावित्रीको देवर-देवरानी तीन जना नानीहरू लिएर सहानुभूति दर्साउिदै दिल्लीको भाड़ा घर छोड़ेर त्यही बस्न आए। दुइ-चार महीना राम्रै चल्यो। अचानक घर झगड़ा हुन थाल्यो।घरमा काम गर्नेलाई जस्तो सबै काम सावित्रीलाई सुम्पिए। केही काम बिगर्दा गाली मात्र होइन थप्पड़ पनि खान थाले।

एक सांझ रमेश दोकान बाट फर्कदा छिमेकमा धुमधामले झगड़ा गरेको सुने-'आज तिमी बाहेक घरमा कोइ पनि थिएन। तिमीले नै लगेकी छौ त्यो सुनको हार, ऐले निकाल, 'भनि हात छोड़ी हाले छन।' मैले लगेकी छैन, भाई भनी रूदा पनि न मानेर राती नै उनको लुगाफाटा बाहिर फ्याकी दिएर घर बाट निकाली दिए। रमेश घरमा पसेर श्रीमतीलाई छिमेकीको कुरा सुनाउदै मात्र थिएकि ढोका ढकढकाएको सुनेर खोली हेर्दा त तिनै छिमेकी रहे छीन र भित्र पस्दै 'रमेश बाबु मलाई मदत गर्नु होस, इनिहरूले मलाई मार्छन। म तपाईहरूको भाँड़ा माँझेर बस्छु भन्दै जोड़-जोड़ले रून लागिन। रमेश र धनेकी आमा अवाक भए। केही भन्न सकेनन मात्र मुखा-मुख गरेर बसे।

# कोरोना महामारीको समयमा गोर्खाली सुधार सभाबाट केहि मानवीय कार्य


लकडाउनको समय आर्थिक रुपले कमजोर परिवार खाद्धय सामाग्री प्राप्तिको निम्ति सभा परिसर बाट


मास्क तैयारी


खाद्य सामग्रीको वित


कोरोना योद्धाहरुलाई निशुल्क मास्क वितरण

# गोर्खाली सुधार सभाको गतिविधि पत्रकार बन्धुहरूको कलम बाट
2020–21



अब राशन के साथ मास्क भी बांटेगी गोरखाली सुधार सभा

देहरादून। गोरखाली सुधार सभा जरूरतमंदों को राशन के साथ ही अब मास्क भी उपलब्ध कराएगी। सभा की मीडिया प्रभारी प्रभा शाह ने बताया कि अब तक अध्यक्ष पदम सिंह थापा के नेतृत्व में सभा की सभी शाखाएं राशन उपलब्ध करा चुकी हैं। अब सभा पांच हजार मास्क तैयार कर बांटेगी। मास्क बनाने का कार्य कविता गुप्ता, मोनिका गुप्ता, पूजा सुब्बा, पूर्णिमा प्रधान, बिंदू गुरुंग ने शुरू कर दिया है।

गोर्खाली सभा ने ...

भानुभक्त का ऋणी रहेगा गोरखाली समाज

... भानुभक्त की जयंती पर गोरखाली समाज के मेधावियों को किया गया सम्मानित

सम्मानित मेधावी

जातीय एकता के पक्षधर थे भानुभक्त

BGP STHAPANA DIWAS 2021

... ने हर्षोल्लास के साथ मनाया 21वां ...

सूचना का अधिकार कानून के बारे में किया जागरूक

देहरादून | हमारे संवाददाता

गोरखाली सुधार सभा, भारतीय गोरखा परिसंघ और आरटीआई क्लब के संयुक्त तत्वावधान में आयोजित कार्यशाला में सूचना का अधिकार कानून के प्रति जागरूक किया गया। सभा की ओर से क्लब के पदाधिकारियों ...

ये रहे मौजूद

लेफ्टिनेंट (रिटायर) टीडी भूटिया, कर्नल (रिटायर) बीएस क्षेत्री, क्लब के महासचिव अमर सिंह पुन्ना, सचिव यज्ञ भूषण शर्मा, सहसचिव शांति प्रसाद भट्ट, संगठन सचिव सुरेंद्र सिंह थापा, अजय नारायण शर्मा, अशोक कुमार वर्मा, कर्नल (रिटायर) सीबी ...

सूचना के अधिकार पर कार्यशाला आयोजित

राष्ट्रीय सहारा

मेधावी छात्र-छात्राओं को सम्मान

आम नागरिक को भी आरटीआई की जानकारी

# गोर्खाली सुधार सभाको गतिविधि पत्रकार बन्धुहरूको कलम बाट

2020-21



अब राशन के साथ मास्क भी बांटेगी गोरखाली सुधार सभा

देहरादून। गोरखाली सुधार सभा जरूरतमंदों को राशन के साथ ही अब मास्क भी उपलब्ध कराएगी। सभा की मीडिया प्रभारी प्रभा शाह ने बताया कि अब तक अध्यक्ष पद्म सिंह थापा के नेतृत्व में सभा की सभी शाखाएं राशन उपलब्ध करा चुकी है। अब सभा पांच हजार मास्क तैयार कर बांटेगी। मास्क बनाने का कार्य कविता गुप्ता, मोनिका गुप्ता, पूजा सुब्बा, पूर्णिमा प्रधान, बिट्टू गुरुंग ने शुरू कर दिया है।

गोर्खाली सभा ने ...

भानुभक्त का ऋणी रहेगा गोरखाली समाज'

भानुभक्त की जयंती पर गोरखाली समाज के मेधावियों को किया गया सम्मानित

सम्मानित मेधावी

जातीय एकता के पक्षधर थे भानुभक्त

इनका हुआ सम्मान

BGP STHAPANA DIWAS 2021

...गोप ने हर्षोल्लास के साथ मनाया 21वां...

सूचना का अधिकार कानून के बारे में किया जागरूक

देहरादून | हमारे संवाददाता

गोर्खाली सुधार सभा, भारतीय गोरखा परिसंघ और आरटीआई क्लब के संयुक्त तत्वावधान में आयोजित कार्यशाला में सूचना का अधिकार कानून के प्रति जागरूक किया गया। सभा की ओर से क्लब के पदाधिकारियों ...

ये रहे मौजूद

लेफ्टिनेंट (रिटायर) टीडी भुटिया, कर्नल (रिटायर) बीएस क्षेत्री, क्लब के महासचिव अमर सिंह घुनता, सचिव यज्ञ भूषण शर्मा, सहसचिव शांति प्रसाद भट्ट, संगठन सचिव सुरेंद्र सिंह थापा, अजय नारायण शर्मा, अशोक कुमार वर्मा, कर्नल (रिटायर) सीबी ...

सूचना के अधिकार पर कार्यशाला आयोजित

मेधावी छात्र-छात्राओं को सम्मान

आम नागरिक को भी आरटीआई की जानकारी